महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

च.नं.: एमबिबि/के.का./२४/०७८/०७९ मिति २०७८/०८/१२

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
भद्रकाली युएनआई शान्तिमार्ग,
सिंहदरवार प्लाजा, काठमाडौं ।

बिषयः- प्रस्तावित बोनस शेयर तथा नगद लाभांश सम्वन्धमा ।

महाशय,

यस बैंकको सञ्चालक समितिको मिति २०७८/०८/१२ (तदनुसार २८ नोभेम्बर २०२१) आइतबारका दिन दिनको ३ बजे देखि ३:३० बजेसम्म बसेको ५०४ औं बैठकले आर्थिक बर्ष २०७७/७८ को वितरण योग्य मुनाफा रकमबाट बैंकका शेयरधनीहरुलाई चुक्ता पूंजी रु.३,३४,२४,०२,७२४/- (तीन अरव चौंतिस करोड चौबिस लाख दुई हजार सातसय चौबिस) को २१.०५२६ (दशमलव पछि चारअंक मात्र उल्लेख गरिएको) प्रतिशतले हुन आउने रु.७०,३६,६३,७३२/- (अक्षरेपी सत्तरी करोड छत्तीस लाख त्रिसट्ठि हजार सातसय बत्तिस मात्र ) को तपसिलमा उल्लेख गरिए बमोजिमको लाभांश बितरण गर्ने निर्णय गरीएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त भई संस्थाको २० औं बार्षिक साधारण सभाबाट पारित भए पश्चात मात्र सो लाभांश वितरण गरिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

तपसिल

(क) बोनस शेयरः- चुक्ता पुंजीको २० प्रतिशतले हुन आउने रु.६६,८४,८०,५४५/- (अक्षरेपी छैसट्ठि करोड चौरासी लाख असी हजार पांचशय पैंतालिस मात्र)

(ख) नगद लाभांशः- चुक्ता पूंजीको १.०५२६ (दशमलव पछि चारअंक मात्र उल्लेख गरिएको) प्रतिशतले हुन आउने रु.३,५१,८३,१८७/- (अक्षरेपी तीन करोड एकाउन्न लाख त्रियासी हजार एकसय सतासी मात्र ) बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ।

भवदीय,

(सोमराज पन्त)
कम्पनी सचिव

वोधार्थः

(क) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
(ख) श्री सिडिएस एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
(ग) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
(घ) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
(ङ) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
(च) श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाडौं ।

Head Office: 2nd Floor, Annapurna Arcade-II, Durbar Marg, Kathmandu, Nepal, P.O.Box 12711